# तेस्रो नगर सभाको बैठकमा २०७५ साल असार ११ गते सोमबार
# नगर उपप्रमुख श्री सरसवती कोली ज्युले
# प्रस्तुत गनुभएको

# आर्थिब बर्ष २०७५/०७६ को
# नीति तथा कार्यक्रम आधार

## पाटन नगरपालिका
## नगर कार्यपालिका को कार्यालय
## प्रदेश नं. ७
## पाटन, बैतडी

# पाटन नगरपालिका को आ.व.२०७५/०७६ को नीति तथा कार्यक्रम :

यस गरिमामय सभाका सभा अध्यक्ष एंबम नगर प्रमुख ज्यु , प्रमुख अतिथी ज्यु , बिशिष्ट अतिथी, अथिति ज्युहरु । नगर सभा सदस्य राजनितीक दलका प्रमुख एंबम प्रतिनिधी, बिभिन्न कार्यालय का प्रमुख एवं सम्पूर्ण राष्ट्रसेवक कर्मचारी, पत्रकार महोदय , उपस्थित सम्पूर्ण महानुभावहरु ।

सर्व प्रथम म नेपालमा बिभिन्न समयमा नेपाल र नेपालिको स्वभिमानका निमित्त भएका जनसंघर्ष एवम् लोकतान्त्रिक आन्दोलनहरुमा शहादत प्राप्त गर्नु हुने ज्ञात अज्ञात बीर शहिदहरु सहित यसै भुमिमा जन्मनु भएका धर्ति पुत्र बीर सपुत दशरथ चन्द प्रति भाव पुर्ण श्रद्धान्जली अर्पण गर्न चाहन्छु । संघर्षको दौरानमा बेपत्ता हुनु भएका बिर योद्धा र उहाँहरुको पिडित परिवार प्रति हार्दिक संम्बेदना ब्यक्त गर्न चाहन्छु । साथै नेपालि समाज लाई परिवर्तनको मार्गमा डोर्याउन बिभिद क्षेत्र बाट योगदान पुर्याउनु हुने आदरणीय अग्रज योद्धाहरु प्रति हार्दिक कृतज्ञता ब्यक्त गर्दछु ।

संघिय लोकतन्त्रको स्थापना संगैसम्पन्न भएको स्थानिय तहको निर्वाचन पश्चातको करिब एक वर्ष पछि यस पाटन नगरपालिकाको तेस्रो ऐतिहासिक नगरसभाको उद्घाटन समारोहमा आर्थिक बर्ष २०७५/०७६ को बार्षिक निति तथा कार्यक्रम प्रस्तुत गर्न पाउदा आफुलाई गौरवान्वित ठानेको छु । म र मेरो सिंगो सहयात्री साथीहरुलाई यो महत्वपुर्ण जिम्मेवारी दिनु भएकोमा सम्पुर्ण नगरबासी हरुमा हार्दीक आभार प्रकट गर्दै धन्यवाद दिन चाहन्छु ।

यस गरिमामय नगर सभाका सदस्य ज्यु हरु अतिथि ज्यु हरु पत्रकार मित्रहरु लगायत सम्पुर्ण महानुभावहरुमा हार्दिक स्वागत अभिवादन गर्न चाहन्छु । उपस्थित महानुभाव हरु : अब म यस गरिमामय तेस्रो नगर सभामा **नगर प्रमुख ज्युको अनुमतीले** आगामी आ.ब. को निती तथा कार्यक्रम प्रस्तुतीका लागी अनुमती चाहन्छु ।

नेपालको संविधानले नेपालमा स्थानीय प्रदेश र संघ गरी तीन तहको सरकारको परिकल्पना गरेको छ । सोहि अनुसार स्थानिय तहलाई स्थानिय सरकारको रुपमा संबिधानले परिकल्पना गरे संगै अब प्रत्येक स्थानिय तहमा केन्द्रमा जस्तै कार्यपालिका , व्यवस्थापिका तथा अर्ध न्यायिक निकाय संम्बन्धीसंबैधानिक ब्यवस्था रहनुका साथै स्थानीय तहको कार्यमा प्रभावकारिता र पारदर्शिता को निमित्त यी एक अर्का बीच शक्ति पृथकिकरण तथा शक्ति सन्तुलन पनि रहेको ब्यहोरा यहाँहरुलाई अवगत नै छ । कानुनतःपाटन नगरपालिका स्थानिय सरकार को रुपमा स्थापित भैसकेको अवस्थामा यस नगरपालिकामा बसोबास गर्ने हरेक नागरिकको जनसरोकारका सवालहरुमा यस स्थानीय तहले प्रदान गर्ने सेवा सुविधाहरुमा कुनै आग्रह पुर्वाग्रह नराखि सिगों नगरकार्यपालीका को सम्पुर्ण टिम सेवामा सर्मर्पित रहने बिश्वास समेत दिलाउन चाहन्छु ।

उपस्थित महानुभाबहरु :

यस पाटन नगरपालिकाको स्थापना भएको ४ बर्ष बिति सकेको तथा यस नगरपालिकाले विभिन्न आरोह अवरोह पार गर्दै जनताको सेवामा समर्पित रहेको व्यहोरा विदितै छ । यस नगरको पाटन नामबाट नामाकरण गरिएको थियो साथै नेपालमा विभिन्न समयमा भएको राजनैतिक परिवर्तन , प्रशासनिक पुनरसंरचना, सीमा हेरफेर तथा संघिय संरचनामा समेत पूर्ववत अवस्थामा रहेको र भौगोलिक क्षेत्रफलको हिसाबले २१९.२५ वर्ग

कि.मि. क्षेत्रफलमा फैलिएको यस नगरपालिका अन्तर्गत १० वडा रहेको ब्यहोरा समेत यहाँहरु समक्ष सर्व विदितै छ । नेपालको संबिधान युगन्तकारी परिवर्तनको दस्ताबेज हो । संबिधान जारि भएसंगै मुलुक नयाँ युगमा प्रबेश भएको छ , संघिय लोकतान्त्रिक गणतन्त्र संस्थागत भएको छ , अब समाजको समग्र परिवर्तनको लागि गरिने संघर्षको रुप बदलिएको छ , अबका संघर्ष सामाजिक सत्रुका रुपमा रहेका माग रोग र शोक एवं गरिबि पछौटेपन र अशिक्षा बेरोजगारिका बिरुद्ध केन्द्रित छ । सामाजिक न्याय सहितको समाबेसि आर्थिक बिकाशका माध्यम बाट समृद्धि हासिल गर्दै अघि बढ्नेकुरा अवमुल्यकको मार्ग चित्र हो ।यस दिशामा केन्द्रित प्रयत्नहरु बाट नै समाजबाद उन्मुख समग्र परिबेश तयार हुनेमा हामि बिश्वस्त छौ ।

संबिधानले परिकल्पना गरेका मैलिक हकको पुर्ण उपभोगको सुनिस्चितता लाई समेट्दै संबिधानले परिकल्पना गरेको दिगो शान्ती , सुशासन , बिकाश र समृद्धिको आकाङक्षालाई साकार पार्न सहयोगी हुने कार्यक्रम तथा क्रियाकलापहरु समाबेसमा ध्यानदिन जरुरी छ ।

दशकैं सम्म राजनितिक अधिकारका लागि लडेका नेपालि जनता सामु अब आर्थिक समृद्धि र सामाजिक रुपान्तरणको चाहना सर्वाधिक चासोको बिषय बनेको छ , जनता का मन मस्तिस्कका चाहना लाई गुथेर सरकार ले जनता लाई बिकास समृद्धिको सुन्दर उपहार दिने योजना बनाएको छ । हामि दिगो बिकास लक्ष्य प्राप्तीको दिशामा अगाडि बढ्न चाहन्छै । यो निति तथा कार्यक्रम तयार पार्दा मैले उपरोक्त भावनालाई गहिरो गरि आत्म साथ गरेको छु ।

बिगत लामो समय सम्म स्थानिय निकाय जनप्रतिनिधि बिहिन रहेको अवस्थामा जन अपेक्षा तथा जन भावना अनुरुप स्थानिय निकायबाट सेवाप्रबाह हुन नसकेको कुरा अवगत गराउदै अब स्थानिय तह स्थानिय सरकारका रुपमा निर्माण भई सके पछि र स्थानिय तहको निर्वाचन सम्पन्न भई जन प्रतिनिधि निर्वाचित भई सकेकाले यस पाटन नगरपालिका बाट प्रबाह हुने सेवा सुबिधा तथा बिकाश निमार्णको क्रियाकलापको प्रभाबकारिता र गुणस्तरीयता पुर्ण रुपमा सम्बोधन हुने कुरा र जन आकाक्षा पुरा हुने कुरामा बिश्वास दिलाउन चाहन्छु ।

**उपस्थित महानुभाब हरु ,**

अब म यस पाटन नगरपालिकाको आगामि आर्थिक बर्ष २०७५/०७६ का लागि नगरकार्यपालिका बाट सिफारिस भई नगर सभामा पेश हुन आएको निति तथा कार्यक्रम पेश गर्न चाहन्छु । संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय बाट जारि भएको नगरपालिकाको निति बजेट तथा कार्यक्रम तयारी को ढाँचा हरुलाई अनुसरण गरि यस नगरपालिकाको बार्षिक निति तथा कार्यक्रम तर्जुमा गर्दा निम्न अनुसारका समग्र निति तथा बिषय हरुलाई आधार लिएको छु ।

- नेपालको संबिधानमा ब्यवस्था भएका निति , मार्गदर्शक सिद्धान्त , मौलिक हक, अनुसुचि ८ र ९ मा उल्लेखनिय स्थानिय तहका अधिकार र साझा अधिकारका सुचिका बिषय ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- नेपाल सरकारको आ.व.२०७५/०७६ को निति तथा कार्यक्रम ।
- नेपाल सरकारको आ.व.२०७५/०७६ को बजेट बक्तब्य ।
- नेपाल सरकार प्रदेश नं. ७ को २०७५/०७६ निति तथा कार्यक्रम तथा बजेट वक्तव्य

- पाटन नगरपालिकाले विगतमा तय गरेका  आवधिक तथा दिर्घकालीन नीतिहरु
- स्थानिय सरकार संचालन ऐन २०७४ मा भएको नितीगत व्यवस्था

अब म यस पाटन नगरपालिकाको आगामि बर्षमा अवलम्बन गरिने क्षेत्र गत निति तथा कार्यक्रम संक्षेपमा प्रस्तुत गर्ने अनुमती चाहन्छु ।

## १.१: पाटन नगरपालिकाको दिर्घकालिन  सोच :

"**शिक्षा,स्वास्थ्य, कृषि पशु, पर्यटन र ग्रमिण पुवाधारको बिकास छुवाछुत रहित समाजको आधार**"

## १.२ लक्ष्य :

पाटन नगरपालिकाको सबै घरमा शुद्ध खानेपानीको पहुच पुराउने, परम्परागत कृषि तथा पशु पालनलाई आधुनिकिकरण व्यवसायको रुपमा अगाडी बढाई बजारीकरण गर्ने, शिक्षा क्षेत्रमा गुणस्तर कायम गर्न निशिचत मापदण्ड बनाई आधुनिक प्रविधि तथा प्राविधिक तथा व्यावसायिक शिक्षा प्रदान गर्ने साथै सपटवएरको माध्यमबाट विज्ञहरुको कलास र प्रोजेक्टरको माध्यमबाट पठन पाठन गराउन प्रोत्साहन गर्ने, सडक भवन तथा भौतिक पुर्वाधारहरुमा गुणस्तर कायम तथा सुधार गरी जनसहभागिता मुलक योजनाहरु अगाडी बढाई समृद्ध नगर बनाउने ।

## १.३: उद्देश्य :

ग्रामीण सडक यातायात विस्तारिकरण, रोजगारी सिर्जना, कृषिको व्यावसायीकरण, सामाजिक न्याय, सेवा प्राप्तीमा पहुँच वृद्धि गरी आर्थिक रुपमा आत्मनिर्भर, सामाजिक सौहार्दता, वातावरणीयरुपमा हराभरा नगरपालिका कायम गरी समृद्धिको दिशातर्फ उन्मुख गराउने ।

## १.४: अपेक्षित उपलब्धी :

- व्यरोजगारीलाई न्युनिकरण गरि रोजगारी को स्थापना ।
- ग्रामिण क्षेत्रसम्म गुणस्तरीय सडक संजालको पहुँच ।
- शिक्षा तर्फ लगानीले शैक्षिक गुणस्तर सुधार वृद्धि ।
- अत्यावश्यकीय आधारभुत स्वास्थ्य सेवा प्रदान ।
- बालबालिकाहरुको विद्यालय पहुँचमा वृद्धि ।
- जनताको चेतनास्तरमा साकारात्कसोच को वृद्धि ।
- कृषिको व्यावसायीकरणको माध्यमबाट कृषि उपजमा आत्मनिर्भरता कायम गर्ने ।
- आर्थिक सम्भाव्यताको सुक्ष्म अध्ययन भई विकासले नयाँ गति लिने ।
- नगरपालिकाको प्राकृतिक सम्पदा पहिचान गरी उपभोग गर्दा करको व्यवस्थापन गरि स्थानिय स्तरमै परिचालन गरि आन्तरीक आय वृद्धिले विकास कार्य तथा विपन्न वर्गहरुमा टेवा पुराउने ।

## १.५ बार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्दा अवलम्बन गरिएका प्रमुख नीति तथा आधारहरु

## ➢ समग्र नीति

- धार्मिक, सांस्कृतिक र प्राकृतिक सम्पदाको विकास तथा प्रवद्धन गरी पर्यटकीय नगरको रुपमा विकास गर्ने,
- एकीकृत र दीर्घकालिन विकासको निम्ती आवधिक पञ्चवर्षिय योजना तर्जुमा गरि कार्यान्वयन गर्ने,
- सार्वजनिक सम्पत्तिको खोज गरी संरक्षण एवं सवर्द्धन गर्ने,
- सूचना प्रविधिको प्रयोग र विस्तार गरी सेवाप्रवाहलाई छिटो, सरल र छरितो बनाउने,
- सार्वजनिक निजी साझेदारी कार्यक्रम अन्तगर्त निजी क्षेत्र, दातृ निकाय, गैससको सहभागिताको लागी प्रोत्साहन गर्ने,
- भौतिक, सामाजिक तथा आर्थिक पूर्वाधार विकास गर्ने,
- विकासको दृष्टिले पछाडी परेका वडाहरु प्राथमिकताका साथ विकास कार्यक्रमहरु पुऱ्याई जनताको सामाजिक आर्थिक रुपान्तरणमा सहयोग पुऱ्याउने,
- विकास कार्यक्रम तथा आयोजनाहरु संचालन गर्दा सरोकारवालाहरु विच समन्वय गर्दै जनसहभागिता, पारदर्शिता र उत्तरदायित्व बढाई सुशासनको प्रत्याभूति दिने,
- समृद्ध र श्रोत सम्पन्न नगरपालिकाको रुपमा विकास गर्ने ।

### १) आर्थिक क्षेत्र :

**पशुपालन र तरकारी खेति मार्फत गरिबि निवारणमा सहयोग पुर्याईने छ ।**

सिमान्तकृत , बिपन्न , मुक्त हलिया , महिला हरुलाई सामुहिक ब्यवसाय संचालन गर्न उत्प्रेरित गर्ने र बाख्रा पालन, कुखुरा पालन भैंशी पालन ब्यबसायमाअनुदान उपलब्ध गराईने छ ।

### क) कृषि तथा पशुपालन "जनताको सवलिकरण कृषिमा आधुनिकरण"

- कृषि पेशा लाई ब्यावसायिक बनाउन आधुनिकरण गरी , उन्नत जातका बिउ बिजन तथा अत्याधुनिक कृषि औजारको प्रयोग तर्फ कृषक हरुलाई बिशेष अनुदान सहुलियत प्रदान गरी उत्पादनमा बृद्धि गर्ने निति अबलम्बन गरिनेछ ।
- कृषि पेशालाईसम्मानित पेशाको रुपमा विकास गर्न नमूना कृषि व्यवसाय सञ्चालन गरिरहेका कृषकहरुका लागि नगर उत्कृष्ट कृषक सम्मान कार्यक्रम सञ्चालन गरिनेछ ।
- कृषिको व्यवसायीकरण, यान्त्रिकरण र मूल्य श्रृङ्खला विस्तारगरी कृषिलाई गरिबी निवारण, बेरोजगारीको अन्त्य र खाद्य सुरक्षाको आधारभूत रुपमा विकसित गर्दै कृषिको उत्पादन वृद्धि गर्ने नीति अवलम्बन गरिनेछ ।
- ब्यवसायिक गाई भैसि फर्म , बंगुर फर्म बाख्रा फर्म , कुखुरा फर्म , बिकास र बिस्तारका लागि सहभागितामा अनुदान दिने निति अबलम्बन गरिनेछ ।
- जमिन बाँझो राख्ने प्रबृती लाई रोक्ने र भुमिहिन कृषक हरुलाई खेतिगर्न करारमा जमिन उपलब्ध गराउने ब्यवस्था गरिनेछ ।

- कृषकले उत्पादित मौषमि ,बेमौषमि तरकारी तथा फलफुल हरुलाई शितभण्डारण गर्न शित भण्डार गृहमा निमार्ण निमार्ण गरीन छ ।
- माटो परिक्षण कार्यमा तिब्रता दिई नगदेवाली , फलफुल तथा पुष्प ब्यवसाय लाई प्रोत्साहन गर्ने र Organic खेति लाई बिशेष प्रथमिकतामा राख्ने निति अबलम्बन गरिने छ ।
- उन्नत जातका पशु आयातमा जोड दिदै लोप भइरहेका स्थानिय पशु प्रजातिको संरक्षण गरि दुग्ध र मासुजन्य उत्पादनमा जोड दिईने छ र उन्नत जातका पशु पालनमा बिशेष सहुलियत प्रदान गरिने निति अबलम्बन गरिने छ ।
- किसानको क्षमता अभिबृद्धीका लागि बिशेष किसिमका कार्यक्रम आयोजना गर्ने निति अबलम्बन गरिने छ ।
- लोपोन्मुख खाद्यान बालि प्रत्साहन सम्वन्धि कार्यक्रम कोदो , फापर ,काकुन , मुसुरो , धान लगायत बालि संरक्षण गरिनेछ ।
- पशुदाना तथा ह्याचरी उद्योग स्थापनका लागी पहल गरिने छ ।
- राजमार्ग हरियाली (Green Road) कार्यक्रम लागु गरिने छ ।
- **"उत्पादन किसानको बजार स्थानीय सरकारको"** कार्यक्रम लागु गरीने छ ।
- कृषि विकासमा संलग्न निकाय संस्था संग समन्वय र सहकार्य गरि कृर्षि बिकाशमा एकद्धार प्रणलि अपनाईने छ ।
- कृषकहरु लाई बालि तथा पशु बिमा तर्फ उन्मुख हुने निति अबलम्वन गरिने छ ।
- पशुपन्छि फार्ममा पशुपन्छि स्वास्थ्य सेवा सम्बन्धि सेवाको उपलब्धता सुनिस्चित गरिने छ ।
- High Valuecrops र एक गाँउ एक उत्पादनको ब्यवसायिकरण गरिनेछ । कृषि बालि संरक्षणका लागि बन्य जन्तुबाट हुने नोक्सानिको नियन्त्रणका लागि बिशेष आधुनिक उपकरणमा अनुदान उपलब्ध गराईने ब्यवस्था गरिने छ ।
- पाटन नगरपालिका भित्र संम्बाब्यता को आधारमा माछा पालन गर्ने किसान लाई अनुदानको ब्यवस्था गरिने छ ।
- पाटन नगरपालिका भित्र संम्बाब्यता को आधारमा कृषी पकेट एरीया घोषणा गरी आधुनिक कृषि कार्यक्रम लागु गरी कृषक लाई आत्म निर्भर बनाईने छ ।

**ख) स्वास्थ्य** "**स्वास्थ्य बिमा निःशुल्क उपचार –**
"**स्वस्थ्य नागरिक समृद्ध पाटनका लागी जिम्मेवार स्थानिय सरकार** "
"**मेरो स्वास्थ्य मेरै हातमा सहयोगका लागी पाटन नगरपालिका छ साथमा** "

- **"नगर बासी संग डाक्टर"** कार्यक्रममा घुम्ती सेवा, घर दैलो र ६० वर्ष माथिका जेष्ठ नागरिक, अपाङ्ग, असहायको उपचारमा विशेष सुविधा प्रदान गरिने छ ।

- सिद्धेश्वर स्वास्थ्य चौकी बाट गर्भवतीहरुका लागी अल्ट्साउन्ड सेवा लगायत प्राथमिक स्वास्थ्य केन्द्रको रुपममा स्थापना गर्न आबश्यक पहल गरि संचालनमा ल्याउन प्रयास गरिने छ ।
- बहुक्षेत्रीय पोषण योजना लाई एकद्धार प्रणालिबाट प्रभाबकारी रुपमा कार्यान्वियन गरिनेछ ।
- स्वास्थ्य बिमा कार्यक्रम लाई बिशेष महत्वका साथ अगाडि बढाईने छ ।
- ८४ बर्ष पुगेका जेष्ठ नागरिक लाई सम्मान स्वरुप निशुल्क घरदैलोमा स्वास्थ्य सेवा प्रदान गरिनेछ ।
- गुणस्तरिय स्वास्थ्य सेवाको सुनिस्चितता गर्न वार्ड नम्बर ०९ मा स्वास्थ्य संस्थानै नभएको हुदा स्वास्थ्य संस्था स्थापना गरी प्रत्येक स्वास्थ्य चौकिमा घुम्ती डाक्टर (चिकित्सक) सेवा प्रदान गरिने छ ।
- नेपाल सरकारबाट घोषणा गरिएका निःशुल्क औशधिहरु सहज रुपमा प्रत्येक स्वास्थ्य संस्था बाट नगरबासिको पहुचमा पुर्‍याईने छ ।
- गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न आधुनिक औजार उपकरण हरुकको ब्यबस्था गरिने छ ।
- प्राथमिक स्वास्थ्य केन्द्रको स्तर बृद्धि गरि थप स्वास्थ्य सेवा प्रदान गर्न अस्पतालमापरिणत गरिनेछ ।
- प्रजनन् स्वास्थ्य सुधार युवा प्रजनन् शिक्षा तथा No home Delivery को निति अपनाईनेछ ।
- योगाभ्यास र योग शिक्षामा जोड तथा मानसिक स्वास्थ्य सेवा संचालन गरिनेछ ।

## ग) खानेपानि तथा सरसफाई "खानेपानीमा लगानि स्वच्छ जिन्दगानि "

- नगरमाडिपवोरिङ्ग प्रविधिलाईपरीक्षण गरी खानेपानीआपुर्ति लाई ब्यवस्थित रुपमा बितरण गरिने प्रकृया मिलाईने छ ।
- नगर भित्र **"एक धुरी एक धारा"** को निती अबलम्बन गरीने छ ।
- खानेपानि मुहानहरुको खोजि र संरक्षण गरि साझा स्वामित्व स्थापना गरिने निति अबलम्बन गरिनेछ ।
- पाटन, खोड्पे बृहत ढल ब्यवस्थापन योजना लागु गरिने छ ।
- पुर्ण सरसफाई युक्त नगर घोषणाका निती अबलम्बन गरिनेछ । त्यसका लागी टोल स्तरिय सरसफाई समितिलाई प्रभाबकारी बनाई नगर तथा वडा स्तर अनुगमन गरिनेछ । खानेपानि तथा सरसफाई समितिलाई अझ बढी उत्तरदायि बनाईनेछ ।
- फोहरमैला ब्यवस्थापनमा संलग्न जनसक्तिको उत्प्रेरणा बढाउनमा जोड दिईफोहरमैला ब्यवस्थापनमा उचित मापदण्ड अपनाई दण्ड र जरिवाना लाई प्रभाबकारी बनाई**फोहोर लाई मोहरमा** परिणत गर्ने निती अवलम्बन गरिने छ ।
- फोहरमैला उत्पादन अनुपातमा आर्थिक भारको मापदण्ड र करको अनुपात मिलाईनेछ ।
- सार्वजनिक सौचालयको संख्या थप गरि पाटन, खोड्पे हतास , सिलङ्गा र ठाडमा सर्वसुलभ एवम् ब्यवस्थित गरिनेछ ।

## घ) युवा तथा खेलकुद "सक्षम खेलाडी –प्रतिस्पर्धि खेलकुद तथा मनोरंजन

- युवाहरुको शक्ति लाई नगरको समृद्धिमा उपयोग गरिनेछ । नगर स्तरिय प्रतिभाको खोजि तथा प्रोत्साहन कार्यक्रम आयोजना गरिनेछ ।

- **“स्वस्थ्य खेलकुद स्वस्थ्य जिबनको”** अवधारणा अगाडि ल्याईनेछ ।
- खेलकुद लाई जिबनको अभिन्न अङ्ग को रुपमा बिकाश गरिनेछ ।
- सामुदायिक बिद्यालयका खेल मैदानको स्तरोउन्नती गरिनेछ ।
- **मेयर कप** रनिङ सिल्ड प्रतियोगीता कार्यविधी निर्माण गरीब्यवस्थीत ढङ्गले आयोजना गरिनेछ । उत्कृस्ट खेलाडी लाई सिल्ड दिईनेछ ।
- युवाहरुको बढ्दो खेल प्रतिको आर्कषक लाई मध्यनजर गरि बिभिन्न खेलकुद गतिबिधि संचालन गर्न सहयोग गरिनेछ ।
- युवाहरुको भबिश्य सुन्दर बनाउन उनिहरुलाई आय आर्जन र सामाजिक सेवाका कार्यमा संलग्न गराईनेछ । युवा दुर्व्यसनि बिरुद्धको सचेतना कार्यक्रम लागु औषधी दुर्व्यसनि पुर्नस्थापना केन्द्र स्थापनाका लागि सहकार्य गरिनेछ ।
- मादक पदार्थ , धुम्रपान , लागु औषध जस्ता दुर्ब्यसन बाट बचाउन स्कुल कलेज गैर सरकारी संस्था र क्लब हरु संग सहकार्य गरिनेछ ।
- खुला खालि सार्वजनिक जग्गा खेलकुदका लागि उपयोग गर्ने निति लिईनेछ ।
- खेलकुदमा लैङ्गीक बिभेदको अन्त्य गरिने छ ।
- भरतपुर खेल मैदान बसन्तपुर, पाटन खेल मैदान पाटन, बिजयपुर खेल मैदान सिद्धेश्वर, भगौति खेल मैदान कैलपाल लाई प्राथमिकताका साथ अगाडी बढाईने छ ।

### ङ) सामाजिक सुरक्षा “जनजनको सरोकार घरघरमा स्थानिय सरकार”

- **“शिप युक्त महिला आत्म निर्भर पहिला”** भन्ने नारा लाई मुर्तरुप दिन महिला हरुका लागि सिलाई लाई कटाई , होजरी तथा ब्युटीपार्लर तालिम, हाउस वाईरङ्गि तालिम, कम्पुटर तालिम, मैन बत्ती निमार्ण तालिम, फलफुल खेती तालिम लगायत सिप बिकास तथा उद्यम प्रर्बदन कार्यक्रम संचालन गरिनेछ ।
- तालिम प्राप्त सिलाई लाई कटाई , होजरी तालिम, बुडाई तालिम, हाउस वाईरङ्गि तालिम, मैन बत्ती निमार्ण तालिम युबा हरुलाई अनुदान दिई उद्योग स्थापनामा प्रोत्साहित गरिने छ ।
- महिला हिंसा न्युनिकरण र लैङ्गीक बिभेदको अन्त्य गर्न सचेतना मुलक कार्यक्रम गरिनेछ ।
- दलित ,अल्पसंख्यक पिछडिएको बर्ग क्षेत्रको उत्थान र जातिय भेदभावको अन्त्य गरिनेछ ।
- अपाङ्ग , दलित असहायको सामाजिक जिबनको सुरक्षाको सुनिस्चितता गरिनेछ ।
- जेष्ठ समाजको गठन र तिनको क्षमता र अनुभब लाई पुजिका रुपमा लिई उचित ठाँउमा उपयोग गरी असाय जेष्ट नागरिक लाई नगर स्तरीय सम्मान कार्यक्रम को निती अबलम्बनको निती गरिनेछ ।
- जेष्ठ नागरिकको मर्यादित जिबनका लागि अनुभबको साटासाटमा टेवा दिन दिवा सेवा केन्द्र स्थापना गर्ने सरकारी गैर सरकारी निकाय संग आवश्यक समन्वय गरिनेछ ।
- सामाजिक सुरक्षा कार्यक्रम एकिकृत रुपमा संचालन गरि प्रभाबकारी रुपमा अनुगमन गरिनेछ ।
- सहकारीलाई गरिबि निवारण , रोजगारी सृजना र आर्थिक बृद्धिको मेरुदण्डको रुपमा बिकाश गरिनेछ ।

- बालबालीकाको रुचिलाई ध्यानमा राखी चिल्ड्रेन पार्क र फन पार्कको निर्माण गर्न निजी क्षेत्रलाई प्रोतशाहन गरिने छ ।
- बिभिन्न मसानघाट व्यवस्थापन गरिनेछ ।
- महीला शसक्तीकरण कार्यक्रम अन्तर्रगत महिला हिंसा बालबालिका माथी हुने बिभिन्न हिंसा सम्बन्धि सचेतना मुलक कार्यक्रम लागु गरिने छ ।
- मुक्त हलियाको पुनः स्थापना कार्यक्रम ,शुकम्बासीहरु को तथ्याङ्क शंकलन गरी परिचय पत्र प्रदान गरिने छ ।

## □) **बित्तिय क्षेत्र** “**स्थानिय सरकार शुसासनको पहरेदार**”

- बित्तिय संस्थामा सहज पहुचको निति अबलम्बन गरिनेछ ।
- नयाँ स्थापना हुने बित्तिय संस्थाको नगरपालिकामा दर्ता हुने र क्षेत्र बिस्तार गर्न नगरपालिकाको स्वीकृत लिनु पर्ने व्यवस्था गरिनेछ ।
- बित्तिय संस्थामा “**एक परिवार एक खाता निति**” अनिवार्य रुपमा अबलम्वन गरि आम जनताको बचत अभिबृद्धिमा पहल गरिनेछ ।
- सामाजिक सुरक्षा भत्तालाई सर्बसुलभ रुपमा बितरण गर्न बित्तिय संस्थाहरु संग समन्वय गरि घुम्ती बैंक संचालन का लागि पहल गरिनेछ ।

## २) **सामाजिक बिकाश** : “**दक्ष जनशक्ति निमार्णको आधार, गुणस्तरीय शिक्षामा आधुनिक प्रबिधि र शैक्षिक पुर्वाधार**”

- उच्च शिक्षा तथा प्रबिधिक शिक्षामा शैक्षिकलोन को व्यवस्था गरीने छ ।
- नेपालको संबिधान ले शिक्षा लाई मौलिक हक को रुपमा स्थापित गरिसकेको परिपेक्षमा सबै नगर बासिलाई गुणस्तरिय शिक्षामा पहुच पुर्याउन बिशेष योजना तथा कार्यक्रम संचालन गरिनेछ ।
- शैक्षिक बर्ष२०७५ लाई**“शैक्षिक गुणस्तर सुधार को आधार बर्ष”**मनाईनेछ ।
- सामुदायिक बिद्यालयको शैक्षिक गुणस्तर सुधारमा जोड दिईनेछ । बिद्यालय , बिद्यार्थी , शिक्षक संख्याको साथै भौतिक संरचनामा अनुपातिक सुधार तथा व्यवस्थापनका लागि बिशेष निति अबलम्वन गरिनेछ ।
- नगरमा रहेका एक मात्र पाटन बहुमुखि क्याम्पस को स्तरोन्नती गरिने छ ।
- प्रबिधिक शिक्षामा बिषेश जोड दिई प्रत्येक वडाको एक बिद्यालयमा प्रबिधिक शिक्षा संचालन गरी उत्पादित जनशक्ति लाई आत्मनिर्भर बनाईने छ ।
- संघिय सरकारको समुन्वयमा सरकारी विद्यालयमा दिवा खाजाको व्यवस्था गरिने छ र सामुदायिक बिद्यालयका शिक्षक लाई पेशा प्रति जिम्मेवार बनाईनेछ ।

- सामुदायिक बिद्यालयको शिक्षाको प्रभाबशिलता र गुणस्तरियता अधिबृद्धिका लागि मुल्याङ्कनका निश्चित मापदण्ड र जरिवाना लाई प्रभावकारी बनाई कुनै एक बिद्यालय छनौट गरि Center of excellence का रुपमा बिकास गरिनेछ ।
- टुहुरा अति विपन्न वर्ग तथा दलित बालबालिका लाई नगर स्तरीय छात्रबृती कार्यक्रम लागु गरिने छ ।
- बिद्यालय प्रतिको आम जनताको अपनत्वको भावनामा बिकाश र सुधार गरिनेछ ।
- अपाङ्ग मैत्री भौतिक संरचना निर्माण मा जोड दिईनेछ ।
- विभिन्न स्वरोजगार मुलक तालीम प्रदान गर्न "**पाटन ट्रेडिङ्ग सेन्टर स्थापना"** गरिने छ ।
- पाटन नगरपालिकाले अघि सारेको शैक्षिक गुणस्तर सुधारको आधार वर्ष २०७५/७६ लाई भब्य रुपमा सफल बनाउँदै यस नगर पालिकालाई उत्कृष्ठ शैक्षिक केन्द्रको रुपमा विकास गरिदै लगिने छ ।
- नगरपालिका क्षेत्रभित्रका विद्यालय उमेरका सबै बालबालिकाको विद्यालयमा पहुँच सुनिश्चत गरी बालबालिकाहरुलाई विद्यालय "**भिकाऔं, टिकाऔं, सिकाऔं  र विकाऔं**" अभियानलाई साकार पारिने छ ।
- सामुदायिक र संस्थागत विद्यालयहरुबीचको दूरीलाई घटाउन निजी सामुदायिक साझेदारीलाई प्रबर्द्रधन गरिने छ ।
- विद्यालयहरुको शैक्षिक गुणस्तर अभिवृद्धि गर्न सरकारी, गैरसरकारी, निजी क्षेत्र, अभिभावकहरु, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ लगायत सरोकारवाला सबैको साथ सहयोग लिइने छ । यसका लागि सरोकारवालाहरुको क्षमता विकास गरिनुका साथै समुदाय परिचालन गरिने छ ।
- सामुदायिक विद्यालयहरुलाई बालमैत्री बनाई विद्यालयमा बालमैत्री शिक्षण सिकाइ प्रक्रिया अबलम्बन गरिने छ ।
- विद्यालय शिक्षामा आधुनिक प्रविधिको प्रयोगलाई बढावा दिंदै सोका लागि आवश्यक श्रोतसाधनको व्यवस्थापन तथा पाटन नगरपालिकाका हरेक वडामा कम्तीमा एकवटा विद्यालयको प्राथमिक कक्षाहरुमा Talking Teacher प्याकेज कार्यक्रमलाई परीक्षणको रुपमा लागु गरिने छ ।
- नगरपालिका क्षेत्रभित्र संचालनमा रहेको आधारभूत विद्यालय र माध्यमिक तहका विद्यालयहरुमध्येशैक्षिक गुणस्तर, भौतिक व्यवस्थापन, बाल मैत्री कक्षा व्यवस्थापन, खानेपानी शौचालय, बाह्य वाताबरण का हिसाबले १/१ वटा विद्यालयहरुलाई नमूना विद्यालयको रुपमा छनोट गरिने छ ।
- नगरपालिकाको पाँच वर्षे नगर शिक्षा योजना तयार गरी कार्यान्वयनमा ल्याइने छ ।
- शैक्षिक गुणस्तर अभिबृद्धी मापन गर्न २/२ महिनामा परिक्षा संचालन गरी बिद्यार्थीको स्थर निर्धारण गरी कक्षा ३, कक्षा ५ र कक्षा ८ को नगर स्तरीय नगर बोर्ड परिक्षा संचालन गरिने छ भने कक्षा १कक्षा २,कक्षा ४,कक्षा ६,कक्षा ७ र कक्षा ९ को अन्तिम बार्षिक परीक्षामा नगर स्तरीय एकरुपता कायम गरीने छ ।
- नगर पालिका भित्र रहेका सबै बिद्यालय हरुमा शिक्षक दरबन्दी अभाबका कारण बिद्यालय ब्यवस्थापन समितीले न्युन पारिश्रमिकमा नियुक्त गरी राखेका निजी शिक्षक ब्यवस्थापन का लागी "**नगर स्वंयम सेबक शिक्षक"**नियुक्त गरी अभिबावक ले लिईरहेको ब्ययभार नगरले लिने ब्यवस्था गरीने छ ।

- विद्यालयहरुमा भइरहेको शिक्षण सिकाइको अनुगमन, मूल्याङ्कन तथा समीक्षालाई सघन रुपमा संचालन गरिने छ। यसका लागि सबै सरोकारवालाहरुलाई परिचालन गरिने छ।
- बालबालिकाहरुको पढाइलाई प्रवर्द्धधन गर्न विद्यालय तथा समुदायस्तरमा "**पढाइ उत्सब एवं मेलाको"** आयोजना गरिने छ।
- शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने सन्दर्भमा शिक्षकहरुको क्षमतामा विकास गर्न उनीहरुको आवश्यकतामा आधारित तालिम संचालन गरी सक्षम बनाइने छ।
- शिक्षक विद्यार्थी अनुपात एकदमै न्यून रहेका विद्यालय क्षेत्रका बालबालिकाहरुको विद्यालय पहुँचको उपयुक्त व्यवस्थापन गरी विद्यालय तह मिलान, विद्यालय मर्ज, शिक्षक दरबन्दी मिलानका लागि विद्यालयका सरोकारवालाहरुसँग व्यापक अन्तरक्रिया, छलफल, बहस गरी सोका लागि सहजीकरण गरिने छ।
- उच्च तथा प्राविधिक शिक्षामा सबै तह र तप्काका बालबालिकाहरुको पहुँच अभिवृधि गर्न शैक्षिक सहयोग उपलब्ध गराइने छ।
- यस नगरपालिका क्षेत्र भित्रका आम जनसमुदायहरुको चेतना स्तर अभिवृद्धि र निरन्तर सिकाइकालागि अनौपचारिक शिक्षाका कार्यक्रमहरु संचालन गरिने र यसका लागि सामुदायिक सिकाइ केन्द्रहरुको प्रबर्द्रधन गरिने छ।
- विद्यालयमा आधारित र समुदायमा आधारित बालबिकास कक्षाहरुको गुणस्तर अभिवृद्धि र पुनस्संरचनामा जोड दिइने छ।
- शिक्षा पेशामा पुरस्कार र दण्डको व्यवस्थालाई प्रभावकरी रुपमा कार्यान्वयनमा ल्याइने छ।
- आधारभुत तहका बिद्यालयहरु लाई प्रत्येक वडामा अंग्रजि माध्यम बाट अध्यापन गर्न आबश्यक निती अबलम्बन गरीने छ।
- मापदण्ड बिपरित संञ्चालनमा रहेका निजि बिद्यालयहरु लाई कानुन को दाहेरामा ल्याई संञ्चालन गर्न लगाईने छ।

## ख) उद्योग तथा बाणिज्य (स्थानीय स्रोतको प्रबर्दन उद्योगको सम्वर्द्धन )

- न.पा.मा औद्योगिक क्षेत्र स्थापना , सम्भाब्य उद्योग संचालनका लागि आवश्यक अध्ययन अनुसन्धान गरिनेछ।
- स्थानिय उत्पादनका लागि बजार सुनिश्चितता गरिनेछ।
- वातावरण मैत्री उद्योग स्थापनामा जोड दिईनेछ।
- सम्भाबित ठाँउमा अध्ययन गरी उद्योग-ग्राम स्थापना गरिने छ र निजीक्षेत्र संग साझेदारीमा साना तथा मझौला उद्योग स्थापनामा राजश्व सहुलियत गर्ने निति लाई  प्राथमिकता दिईनेछ।
- स्थानिय उद्योग लाई प्रयोग गर्ने खालका निति, मेसिन कर छुट, बजारको सुनिश्चीतता गरिने छ।

- नगर क्षेत्र भित्र ५० जना भन्दा बढी ब्यक्ति लाई प्रत्यक्ष रोजगारि दिने उत्पादन मुलक उद्योग स्थापना गर्ने जग्गा खरिद गर्न लाग्ने लिखित रजिष्टेसन दस्तुरमा ७५% छुट दिने निति अबलम्बन गरिनेछ ।
- बेरोजगार युवा युवीतीहरुका लागी लामो समयको तालीम लिईसकेपछी न.पा. Skill Test अनिवार्य गर्ने छ ।
- बैदेशिक रोजगारीमा रहेका युवाहरुले स्वदेसमै ब्यवसाय गर्नका लागी अनुदान र कर छुटको नीति लागु गरिने छ भने त्यस्ता उद्यम सिल युवा हरुलाई शैक्षिक प्रमाण पत्रको आधारमा शैक्षिक लोन को ब्यवस्था मिलाईने छ ।
- नगर क्षेत्रमा संचालित उद्योग तथा ब्यवसायिक फर्म, दर्ता नविकरण कार्यलाई ब्यवस्थीत गर्ने निती अवलम्बन गरीने छ ।
- स्थानीय उद्यमीलाई उद्योग संचालन गर्न आवश्यक वातावरण तयार गरिने छ ।
- सार्वजनीक नीजि साझेदारीको सहकार्यमा जोड दिइने छ ।
- कृषि तथा वन्यजन्तु उद्योग स्थापनामा प्रोत्साहन गरिने छ ।
- जलवायु अनुकुलन उद्योग स्थापनामा जोड दिइने छ ।
- स्थानिय सिपकला डोको नाङ्ला आरन उद्योग लाई प्रोत्साहन र अनुदान निती अब्लम्बन गरीने छ ।

**पर्यटन/संस्कृती : "पर्यटनमा लगानी, समृद्धिको बिहानी"**

- पाटन लाई पर्यटकिय सिटि घोषणा गर्न पहल गरिनेछ ।
- पश्चिम नेपाल भ्रमण बर्ष भव्य रुपले मनाउने योजना निर्माण गरिनेछ ।
- स्थानीय धार्मीक स्थलको संरक्षण र सम्बर्द्धन गरिने छ ।
- मठ मन्दिर दर्ता, गुठि पहिचान निती अबलम्बन गरिने छ ।
- एक टोल एक गौरा खलो को निती अबलम्बन गरिने छ ।
- परम्पपरागत लोकभाका सगुन, फाग, डेउडा, धुमारी लगाएत अन्य संस्कृतिको जगेर्ना गर्न " संग्राहालय" स्थापना गर्न आवश्यक पहल गरिने छ ।
- ओखल्धुरा धार्मिक ऐतिहासिक पर्यटकिय क्षेत्र , पत्तालभुमेश्र धार्मिक ऐतिहासिक पर्यटकिय क्षेत्र, सुगरकोट किल्ला, उदयदेब मन्दिर लाई संरक्षणमा जोड दिइने छ र यी धार्मिक ऐतिहासिक पर्यटकिय क्षेत्रलाइ ऐतिहासिक पर्यटकिय स्थलका रुपमा विकास गर्न गुरु योजना निर्माण गरिने छ ।
- ऐतिहासिक धार्मिक एवम् पर्यटकिय स्थल स्वर्गेनी पिपल धाम, समैजी सदाफल धाम , शिबालय मन्दिर उपल्ला बाटुला ,भुमिराज गुफा, सहश्रलिङ्ग धुरा , शिबङ्गिधाम, माहारुद्र मन्दिर, भुमिराज मन्दिर, बनारशी धाम जस्ता शक्ति पिठको संरक्षण र प्रचार र प्रसारमा जोड दिइने छ ।
- पाटन ६ हिरापुर र पाटन ४ मा Home Stay संचालन गरीने छ ।
- पुराना पाटि पैवा , मगराउ , नौला , धर्मशाला संरक्षण गरि मौलिक संस्कृति संरक्षण गरिनेछ ।

**सहकारी :**

- नगरपालिका भित्रका सहकारी र वित्तिय संस्थालाई उत्पादनमुलक क्षेत्रमा लगानीको लागि प्रोत्शाहन गर्न विशेष निति अवलम्बन गरिने छ ।
- **"एक टोल एक सहकारीको निति"** अवलम्बन गरिने छ ।
- हरेक सहकारीको विकासका लागि आवश्यक नियमन तथा अनुगमन को ब्यवस्था गरिने छ ।
- गरिबि निवारण कोष का C/O हरुमा रहेको पुँजी एकत्रित गरि आय आर्जनमा लगाउन १० वार्ड मा १० सहकारी गठन गरिनेछ ।

## ३) पुर्वाधार विकास "भौतिक पुर्वाधार विकासको आधार "

### क) सडक तथा यातायातः "सामाजीक आर्थिक रुपान्तरणको आधार, बस्ती वस्तीमा यातायात पुर्वाधार"

- नगरपालिका भएर जाने सवै लोकमार्गको सिमाङ्कन गरी आनावश्यक सडक मिच्ने कार्यलाई निरुत्साहित गरिने छ ।
- सवै वडाको पहुँचका लागी सडक नगरको केन्द्र देखि वडा केन्द्र सम्म सडक बिस्तार गरिने छ ।
- खोड्पे बजार एरियाको सडक २ लेन र पाटन बजार को सडक २ लेन बनाउन पहल गरिने छ ।
- पाटन ०८ खोड्पे ,०४ ठाड र ०६ पाटन वडाहरु मा ग्यारेज ब्यवस्थापन गरिने छ ।
- नगरपालीका भित्रको यातायात ब्यवस्थापनका लागि **भित्री,मध्य र बाहिरी चक्रपथ**को अवधारणा विकास गरिने छ ।
- राष्ट्रिय लोकमार्गमा आवतजावत गर्ने यातायातका साधनका लागि खोड्पेमा सवारी साधन Entry र Stand Point निर्माण गरिने छ ।
- All Weather सडकको निर्माण गरिने छ ।
- पाटन ६ र पाटन ०८ खोड्पेमा सुविधा सम्पन्न बसपार्क निर्माण गर्ने कार्यलाई द्रुतगतीमा अगाडी बढाइने छ ।
- स्थानीय सडकको उचित मापदण्डको आधारमा स्तरोन्नती गरिने छ ।

### ख) सिचाई :

- लिफ्ट सिचाईको प्रविधि मार्फत विकास र उपयोग गरिने छ ।
- ठाँउठाउमा पोखरी निर्माण गरी भुमिगत सिचाँइको अध्ययन अनुसन्धान गरिने छ ।
- सिचाँइका निमित्त पोखरी मार्फत बर्खेपानी संकलनमा तथा आकासे टंकी द्वारा संकलनमा जोड दिइने छ ।

- सिचाँई र कृषि उपज क्षेत्रको तादाम्येता मिलाई खोला तथा नदी बाट सिचाई योग्य जमिन लाई नहर तथा कयानल को व्यवस्था गरिने छ ।

## ग) भवन तथा शहरी विकास :

- घर नक्सा पासलाई व्यवस्थीत गरि सडक सतहबाट माथी निर्माण हुने घरतलाको संख्या निश्चित तुल्याइने छ ।
- भु-उपयोग योजना र वस्ती विकास योजना लागु गरिने छ ।
- नगरपालिका क्षेत्र भित्रका ग्रामिण क्षेत्रमा पूर्वाधार विकास गरि शहरीकरण गरिने छ ।
- स्वच्छ र सुरक्षित भवन निर्माणमा जोड दिइनेछ ।
- सार्वजनीक जमिन मिचेर घर निर्माण गर्ने कार्यलाइ निरुत्साहित गर्न अतिक्रण लाई रोक लगाई लगाउने निती  अवलम्बन गरीने छ ।
- **"एक भवन पाँच विरुवा"**रोपी हरीयाली (Green City) शहरमा जोड दिइने छ ।
- अब्यवस्थीत बसोवासलाई ब्यवस्थीत गरिबढ्दो शहरीकरणलाई उचित ब्यवस्थापन गरिनेछ ।
- **"एक नागरीक एक विरुवाको निती"** अवलम्बन गरीने छ ।
- अपाङ्ग, बृद्धि, असहाय मैत्री शहरी संरचनामा जोड दिइने छ ।
- भवन निर्माणको ब्यवसायीकर आवासीय गरि दुई भागमा बर्गीकरण गरिने छ ।
- सडक छेउछाउ निर्माण भएका भवनलाई उचित ब्यवस्थापन गरिने छ ।
- वस्ती विकास मार्फत नवीन शहर र वजारको विकासमा जोड दिइने छ ।

## घ) संचार :

- सार्वजनिक स्थलमा बिषेष गरी पाटन, खोड्पे र ठाड मा CC TV  क्यामरा जडान तथा Free WiFI को ब्यवस्था गरीने छ ।
- नगरपालिका भित्रका ग्रामिणक्षेत्र कैलपाल सकार सिद्धपुर र बसन्तपुर सम्म गुणस्तरीय संचार सेवा विस्तार का लागी नेपाल टेलिकम संग रिपिटर टावरका लागी पहल गरिने छ ।
- सुचना प्रविधिको सवै नागरीकको पँहुचलाई सुलभ बनाईने छ ।

## ङ) बिद्युत तथा बैकल्पीक उर्जा, साना जलविद्युत सहित :

- २ बर्ष भित्र प्रत्येक वडामा बिद्युत लाईन बिस्तार गरी अध्यारो मुक्त नगर घोषणा गरिने छ ।
- बैकल्पिक उर्जाको अध्ययन र विकासका साथै ग्रामिण भेग सम्म विस्तार गरिने छ ।
- सार्वजनीक महत्वका स्थान पाटन, खोड्पे, ठाड ,बिपेकटाल, हतास, बिजयपुर , सिलंगा मा सौर्यवत्ती जडान गर्ने तथा सडक शौर्यबत्ती विस्तार गरिने छ ।
- नगरपालिकाको ग्रामिण बस्तिमा गोवर ग्यासको प्रयोग र उपयोगमा जोड दिइने छ ।

- ग्रामिण क्षेत्रमा धुवारहित सुधारीएको चुलो प्रवर्द्धन गरिने छ ।

## ४. वातावरण तथा विपद बयवस्थापन : “सवैको वन नागरीकको धन”

### क) वन तथा भू–संरक्षण

- बढ्दो वन विनासको नियन्त्रण र भुसंरक्षणमा जोड दिइने छ ।
- वन उद्यान विकासमा जोड दिइ नगर भित्र नर्सरी निमार्णमा गरीने छ ।
- नगर भित्र रहेका सबै सामुदायिक बनहरुमा जडिबुडी अध्यन गरी जडिबुडी प्रशोधन केन्द्र स्थापना गरिने छ ।
- वन संरक्षणमा सवैको सहभागिता जुटाइनेछ ।
- विशेष वनक्षेत्र पहिचान गरि Open Zoo स्वच्छ उद्यान निर्माण गरिने छ ।
- सार्वजनिक प्रति, बाटो, चौतारी, परम्परागत धार्मीक पर्यटकीय, खुलाक्षेत्रको सिमाङ्कन गरी बनको संरक्षण गरिनेछ ।
- सामुदायीक वन उपभोक्ता समितीको क्षमता विकासमा जोड दिई अझ बढी जिम्मेवारी बनाईने छ ।
- **“जनताको वन जनताको धन”** अवधारणा विकास गरिने छ ।
- Fruit Forest अध्ययन र विकास गरिने छ ।खालीवनको क्षेत्रमा फलफुल नर्सरी, जडीबुटी नर्सरी को उत्पादन र विकास तर्फ विशेष कार्यक्रम संञ्चालन गरिने छ ।

### ख) जलवायु परिवर्तन :

- बढ्दो जलवायु परिवर्तन वारे नगरवासीलाई सुसुचित तुल्याई जलवायु परिवर्तन न्यूनीकरण मा जोड दिइने छ ।
- वातावरण संरक्षण पर्यावरण जोगाउन तर्फ सबैको पहल अनिवार्य गरिनेछ ।

### ग) जल उत्पन्न प्रकोप नियन्त्रण

- बस्ती ब्यवस्थापन, ढल निकास लाई ब्यवस्थीत गर्दै प्रकोप नियन्त्रणमा सरोकारवाला सवै संग सहकार्य र समन्वय गरिने छ ।

### घ) विपद् ब्यवस्थापन :

- विपद् ब्यवस्थापन वारे पूर्व तयारी जानकारी संयन्त्र निर्माण गरिने छ ।
- प्रत्येक वडामा उद्धार, राहत पुनःस्थापना समिति निर्माण गरिने छ ।
- विपद् ब्यवस्थापन नगर कार्य योजना निर्माण गरिने छ ।
- एंम्बुलेन्स र वारुण यन्त्र संचालनमा दक्ष जनशक्तिको विकास गरि थप प्रभावकारी छिटो छरितो स्तरीय बनाई जुनसुकैवेला संचालनको ब्यवस्थापन गरिने छ ।

- बिपद व्यवस्थापन सामाग्रीको व्यवस्था गरिनेछ ।
- बिपद पुर्व अभ्यास गरिनेछ ।
- बिपद कोष खडा गरीने छ ।

## ५) संस्थागत विकास सेवा प्रभाव र सुशासन

- ➢ स्थानीय सदाचार निति २०७५ को पालना गराउने तर्फ अग्रसर रहने छौ ।

## क) मानव संसाधन विकास

- कर्मचारी भर्नामा योग्यता क्षमता र मुल्याङ्कन प्रणाली अपनाईने छ ।
- अन्य निकायवाट समायोजन हुन आउने जनशक्तिलाई आवश्यकता , क्षमता र कार्यालयको आवश्यकता काआधारमा स्वीकारीने व्यवस्था गरिने छ र उचित जिम्मेवारी दिईनेछ ।
- कर्मचारीको बृद्धि विकासमा उचित ध्यान दिइने छ ।
- कामको मुल्याङ्कनको आधारमा उत्कृष्ट वडा , उत्कृष्ट वडा अध्यक्ष, उत्कृष्ट सभा सदस्य र उत्कृष्ट कर्मचारी लाई विशेष पुरुस्कारको व्यवस्था गरिने छ ।
- कर्मचारको क्षमता अभिबृद्धि र सेवा सुविधामा न्यायोचित पुरुस्कृत र दण्डीत गरिनेछ ।
- नगरपालिकाका स्थायी, अस्थायी र करार का कर्मचारीको कामको आधारमा मुल्याङ्कन गरि सेवा निरन्तरता दिईने छ ।
- कर्मचारी अनुशासन नरहने र व्यवसायीक क्षमता र आचरण नभएकोलाई गुण र दोषको आधारमा व्यवहार गरिने छ ।
- वडा कार्यालयको भवन निर्माण प्राथमिकताका आाधारमा गरी कर्मचारी व्यवस्थापन र भौतिक व्यवस्थापन गर्दै लगीने छ ।
- द्वन्द पिडित कर्मचारीलाई न्यायोचित व्यवहार गरिने छ ।
- नेपाल सरकारको प्रशासनिक संरचना मार्फत तय भएका मापदण्ड  कार्यान्वयनमा शिघ्रता ल्याइने छ ।
- आन्तरीक अनुशासन र क्षमता अनुसार जिम्मेवारी दिइनेछ ।
- राजनितिक आस्थाका आधारमा सेवा प्रवाह गर्ने कर्मचारीलाई काम र व्यवहारका आधारमा सजाय भागी अनिवार्य वनाईने छ ।
- कार्यालयको मर्यादा Chain of Command र नैतिकतामा नरहने कार्यालय समयमा सेवा प्रवाहमा लापरवाही गर्ने तर गलतप्रबृती विकास खोज्ने र जिम्मेवारीमा निष्ठावान नहुने कर्मचारी उपर हदै सम्मको कारवाही गर्न पछि नपर्ने निति लिइने छ ।
- कर्मचारी प्रतिको हिजोको जस्तो जुन आसंका छ सो को निवारण गरि सभ्य मर्यादित अनुशासित नैतिक कर्मचारी सेवाको विकास गरिने छ ।
- कर्मचारीको क्षमता विकासमा अध्ययन अनुसन्धान तालिम भ्रमण  अनुभव साटासाटको व्यवस्था मिलाईने छ ।

- राष्ट्रसेवक कर्मचारी लाई पुरुस्कृत र दण्डीत गर्ने निति अवलम्वन गरिनेछ ।

**ख) सुरक्षा ब्यवस्था :**

- आन्तरिक आर्थिक क्षमताका आधारमा नगर प्रहरीको ब्यवस्था गरि नगर सरसफाई फोहोर ब्यवस्थापन र नगरको शान्तींका लागि नगर प्रहरीगठन गरि परिचालन गरिने छ ।
- नगरपालिकाको E–Profileनिर्माण गरीने ब्यवस्था मिलाईने छ ।
- निर्माण सामाग्री थुपारी सडक असुरक्षा बढाउने लाई कानुनी कारवाहीका दायरामा ल्याइने छ ।

**ग) सुचना प्रविधि :**

- **"बिकास मैत्रि संचार संचार मैत्री सरकार"** को मान्यता अनुसार बिधुतिय र छापा संचार संग सहकार्य गरिनेछ ।
- प्रत्येक वडा कार्यालयमा संचार सेट स्थापना गरिने छ ।
- विद्युतीय प्रणालीको प्रयोगमा जोड दिइने छ ।
- गुनासो सुनुवाईलाई प्रविधि संग जोड्दै बयवस्थीत गरिने छ ।
- सेवा प्रभावमा Token System , सार्वजनिक सुनुवाई, जनता संग जनप्रतिनिधिको प्रत्यक्ष संवाद रेडियो कार्यक्रम , नागरिक वडा पत्र र विविध प्रविधि संग जोडिने छ ।
- सुचना प्रवाहमा एक द्वार प्रणाली अपनाईने छ ।
- सूचना प्रविधिको प्रयोगमा क्षमता अभिबृद्धि गरि अधिकतम उपयोग गरिने छ ।
- नगरपालिकाको राजश्व अनलाईनको माध्यमबाट भुक्तानी गर्ने ब्यवस्था गरिने छ ।
- नगरपालिकाको आर्थिक भौतिक, सामाजिक लेखाङ्कन प्रविधि युक्त बनाईने छ ।
- सूचना नै ज्ञानको श्रोत र सूचना संचार प्रबिधि नै बिकाशको आधारशिला भएकाले यस न.पा. लाई सूचना संचार मैत्री नगर बनाईनेछ ।

**६. वित्तिय ब्यवस्थापन र सुशासन :**

**क) लेखाङ्कन, वित्तय परिचालन**

- आर्थिक प्रशासन संचालनमा प्रविधिमा जोड दिइने छ ।
- वित्तिय सदाचारीतामा जोड दिइने छ ।
- पंजिकरणलाई प्रविधि मैत्री बनाउदै लगिने छ ।
- कार्यक्रमका सम्पूर्ण कामकारवाहीलाई कम्प्युटरकृत गरिने छ । सोको दिर्घकालिन सुरक्षामा जोड दिइने छ ।
- सुचनाको हकको सुनिश्चित गरिने छ ।
- नगरपालिका बाट संचालित हरेक विकास योजना क्रियाकलाप र कार्यक्रमको सार्वजनिक परिक्षण, सार्वजनिक सुनुवाई सार्वजनिक परिक्षणमा निरन्तरता दिइने छ ।

**ख) तथ्याङ्क संकलन :**

- प्रत्येक वडाको Ward Profile निमार्ण गरी नगर पाश्वचित्र तयार गरिने छ ।
- दिर्घकालिन नगर गुरुयोजना निर्माण गरिने छ ।
- प्रत्येक जनप्रतिनिधीलाई तथ्याङ्कमा जिम्मेवार बनाइने छ ।
- क्षेत्रगतMater Plan निर्माणमा जोड दिइने छ ।
- आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाइने छ ।

**ग) वित्तिय जोखिम र आन्तरीक लेखा परिक्षण :**

- वित्तिय जोखीम न्युन गरिने छ ।
- आन्तरिक लेखापरिक्षण शाखालाई ब्यवस्थीत गरिने छ ।
- आन्तरिक लेखापरिक्षकको नियुक्ति योग्यता, क्षमताका आधारमा गरिने छ । जसमा योग्यतम ब्यक्तिलाई जिम्मेवारी दिइने छ ।
- आन्तरिक लेखा परिक्षण औपचारीकतामा मात्रै सिमित राखिने छैन ।

## ७. विविध:

**यस वर्ष नगरपालिकाले अध्ययन अनुसन्धान वर्षका रुपमा लिई विभिन्न सम्भावित क्षेत्रको अध्ययन अनुसन्धानमा जोड दिइने छ ।**

- पाटन बिकाश प्राधिकरण गठन गरी स्मार्ट सिटिको अवधारणा अनुसार आवश यक पुर्वाधार सपिङ्ग कम्प्लेक्स, बहुउद्देश्यिीय सभागृह, क्रिकेट स्टेडियम, धार्मिक तथा पर्यटन पूर्वाधार, बस्ती विकास, औद्योगिक अध्ययन र खेलकुद रंगशाला अन्य सम्भावनाको अध्ययन अनुसन्धान परामर्श र डि.पि.आर.तथा निर्माणमा जोड दिइने छ ।
- आवधिक नगरविकास योजना र यातायात गूरुयोजना तर्जुमा गरिने छ ।
- मदिरा बिक्री बितरण लाई निश्चित मापदण्ड को आधारमा ब्यवस्थीत गर्न लगाईने निती अबलम्बन गरिने छ ।
- गनर क्षेत्र भित्र बदसालाहरु ब्यवस्थीत गर्ने निती अबलम्बन गरिने छ ।
- एकिकृत सम्पती कर प्रणाली लागु गर्ने निती अबलम्बन गरिने छ ।

**अन्तमा यस गरिमामय सभाका सभाअध्यक्ष नगर प्रमुख ज्यु ।**

यो निती तथा कार्यक्रम र बजेट निमार्ण गर्दा मार्ग निर्देशन गर्नु हुने संघिय संसद माननिय दामोदर भण्डारी , प्रदेश संसद प्रेम प्रकाश भटट् , नगर प्रमुख केशब बहादुर चन्द , बिषयगत समितीका संयोजक , वडा अध्यक्ष , कार्यपालीकाका सदस्य ,प्रमुख प्रशासकिय अधिकृत , नगर सभाका सदस्य ज्युहरु, वडा सचिब , राष्ट सेबक कमचारी बिभिन्न क्षेत्र बाट सुझाब दिनुहुने समाज सेबि बुद्धि जिबि नगर बासी सम्पुर्ण आमा बुवा दाजुभाई हरुमा हार्दिक आभार प्रर्कट गर्न चाहान्छु । यो निती तथा कार्यक्रम र बजेट लाई यस गरिमामय तेस्रो नगरसभामा प्रस्तुत गर्ने अबसर दिनु हुने यस गरिमामय सभाका सभा अभ्यक्ष एंबम पाटन नगरपालिका का नगर प्रमुख केशब बहादुर चन्द ज्यु प्रति फेरी पनि हिद्धय देखि आभार ब्यक्त गर्न चाहान्छु ।